२०७४ साल चैत्र ८ गते विहिबार अपरान्ह ०४.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४, पोखरामा बसेको मन्त्रिपरिषद्को बैठकको उपस्थिति तथा निर्णय–

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रस्तुत दर्ता नं ०१।०६।२०७४।१२।८ को स्थानीय तहको कानून निर्माण सम्बन्धी विधेयकको सिद्धान्त स्वीकृति सम्बन्धी प्रस्तावमा सैद्धान्तिक स्वीकृति दिने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रस्तुत दर्ता नं ०१।०७।२०७४।१२।८ को प्रादेशिक योजना तथा नीति आयोग (गठन तथा कार्य संचालन) आदेश सम्बन्धी प्रस्तावलाई प्रशासन तथा विधेयक समितिमा पठाउने र विधेयक समितिले प्रतिवेदन सहित पुनः मन्त्रिपरिषदमा स्वीकृतिको लागी पेश गर्ने ।

३. सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मुख्यमन्त्रीज्यूहरुको प्रथम बैठकको विषयमा मन्त्रिपरिषदका सदस्यहरुलाई माननीय मुख्यमन्त्रीज्यूबाट जानकारी गराउनु भयो ।

४. मुख्य न्यायाधिवक्ता श्री राजेन्द्र घिमिरेलाई बधाई र स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

५. मुख्य न्यायाधिवक्ताज्यूलाई प्रदेश नं ४ को मन्त्रिपरिषदको बैठक संख्या २।२०७४।११।८ को निर्णय बमोजिम गठित प्रदेश कानून मस्यौदा समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।